# आर्थिक वर्ष २०७८/७९ को

# बार्षिक नीति तथा कार्यक्रम

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### दल्ली, जाजरकोट

### कर्णाली प्रदेश, नेपाल

# नलगाड नगरपालिकाको आठौं नगर सभामा

## नगर प्रमुख श्री टेक बहादुर रावलले

## मिति २०७८।०३।०९ मा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/७९ को

# बार्षिक नीति तथा कार्यक्रम

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,
स्थानीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
नलगाड नगरपालिका र अर्न्तगतका कार्यालयका सम्पूर्ण कर्मचारीज्यूहरु,
संचारकर्मी मित्रहरु, नलगाड नगरपालिकाका सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनीहरु सर्वप्रथम म यहाँहरुलाई नगर सभाको उद्घाटन सत्रमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।
प्रमुख अथिति लगायत अन्य सदस्यज्यूहरु,

१. विश्व मानव समुदाय कोभिड-१९ (कोरोना भाइरस) महामारीबाट आक्रान्त भईरहेको वर्तमान अवस्थामा नलगाड नगरपालिकाको गरिमामय आठौ नगरसभामा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ बार्षिक नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुसी लागेको छ । अव म यहाँहरु समक्ष आर्थिक वर्ष २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

२. यस महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधिनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, समावेशिता, धर्म निरपेक्षता, सामाजिक न्याय, जनताको मौलिक हक र अधिकार प्राप्तिका लागि भएका ऐतिहासिक आन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाईते र अपांग योद्धाहरुप्रति उच्च सम्मान सहित सहानुभूति प्रकट गर्दछु ।

३. कोभिड-१९ महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण संक्रमित व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, कोभिड-१९ महामारीको संक्रमण, नियन्त्रण तथा रोकथामका लागि दिनरात, प्रत्यक्ष उपचार तथा समग्र व्यवस्थापनमा खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, चालक, व्यवस्थापकीय पक्षमा खटिरहनु भएका कर्मचारीहरु तथा कोभिड-१९ विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने संघीय सरकारका मन्त्री, संघीय सांसद, प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका सदस्य, स्थानीय तहका जनप्रतिनिधि, निजी क्षेत्र, संघसंस्था, संचार जगत लगायत व्यापारी, बुद्धिजीवि तथा नलगाड नगरबासी आम जनसमुदायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

४. नेपालको संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली कार्यान्वयन भईरहेको सन्दर्भमा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि, सुशासन र विकासको मार्गमा निरन्तर अगाडी बढिरहेको छ । यस नगरपालिकाको समग्र विकासको लागि स्वास्थ्य, शिक्षा, कृषि लगायत समस्त क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावनालाई उचित व्यवस्थापन एवम् परिचालन गरी नगरको समग्र विकास र सम्वृद्धिको लागि हामी सवै दृढ संकल्पित छौं ।

५. **“समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर”** भन्ने नलगाड नगरपालिकाको दीर्घकालिन सोचलाई साकार बनाउन संघीय सरकार, कर्णाली प्रदेश सरकार, विभिन्न सरकारी निकायहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आपसी समन्वय तथा सहकार्य गरी योजना तथा

कार्यक्रमहरु तय गरिनेछ । यसरी तय गरिएका योजना तथा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी तवरले सञ्चालन गर्नको लागि नगरपालिका भित्रका सम्पूर्ण राजनितिक दलहरु, स्थानीय जनताहरु र सरोकारवालाहरुको सहयोग र सहकार्यको लागि नगरपालिका आव्हान गर्दछ ।

६. कोभिड १९ को कारणले निर्माण सामग्री उपलब्ध हुन नसकि आ.व. २०७७।७८ को नगर सभाबाट आ.व. २०७७।७८ मा कार्यान्वयन हुने गरी बजेट विनियोजन भएका तर निर्माण कार्य सम्पन्न हुन नसकेका स्थानीय तहबाट बजेट विनियोजन भएका योजनाहरुलाई बहुवर्षिय योजना बनाई प्राथमिकता दिई आगामी आ.व. २०७८।७९ मा बजेट विनियोजन गरिनेछ ।

७. यस नलगाड नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई भौतिक सुविधा सम्पन्न सहित व्यवस्थित गराउदै क्रमशः नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिदै लिईनेछ । स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम प्रदान गरी संस्थामा आवश्यक पर्ने औजार उपकरण, औषधी र जनशक्तिको व्यवस्था गरिनेछ । जनतालाई स्थानीय स्तरबाट स्वास्थ्य सेवा प्रदान गर्न योग शिविर लगायत विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ । ७० वर्ष माथिको जेष्ठ नागरिकको घरमा गई स्वास्थ्य उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

८. विभिन्न प्राकृतिक प्रकोप तथा महामारीबाट जोखिम हुन सक्ने सम्भावनालाई मध्यनजर गरी द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिमको व्यवस्था गर्दै प्रकोप तथा महामारी व्यवस्थापनको लागि आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।

९. स्वास्थ्यमा उपचारात्मक सेवालाई थप प्रभावकारी बनाउन नलगाड नगरपालिका वडा नं ११ को स्वास्थ्य चौकी रग्दामा दरवन्दीको सृजना गरी नयाा प्रयोगशाला स्थापना गरिनेछ ।

१०. वाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन नगरपालिकाबाट दिईदै आएको सुत्केरी प्रोत्साहन भत्तामा निरन्तरता दिइनेछ र सुत्केरी महिलालाई लक्षित कार्यक्रम तथा प्याकेज तयार गरिनेछ । प्रोटोकल अनुसार ४ पटक गर्भ जााचलाइ वढावा दिन **"ग्रामिण अल्ट्रा साउण्ड"** कार्यक्रम शुरु गरिनेछ । सुत्केरी महिलाहरुसांग नगर उपप्रमुख कार्यक्रम मार्फत गर्भवति भएका हरेक महिलाको घरमा झण्डा कार्यक्रमलाई निरन्तरता दिदै क्रमशः **पुर्ण संस्थागत गर्भवती (Zero Home Delivery)** नगरपालिका घोषणा गरिनेछ ।

११. नगरपालिका क्षेत्रमा आम नागरिकहरुको स्वास्थ्य सेवाको पहाुच स्थापना गर्न, स्वास्थ्य सेवाबाट कुनै पनि विपन्न नागरिकहरु सेवाबाट वञ्चित नहुन् भन्नका लागि नगरपालिकाबाट दीर्घकालिन रोगहरुबाट ग्रसित नागरिकको लागि आर्थिक सहायताको व्यवस्था गरिनेछ र त्यसको लागि "**आकस्मिक कोष**" मा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२. किशोरीहरुको प्रजनन् स्वास्थ्य सम्वन्धि समस्यालाई सम्बोधन गर्न स्थानीय स्तरमा स्यानिटरी प्याड निर्माणको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरी तालिम कार्यक्रमलाई विस्तार गरिनेछ । किशोर किशोरी प्रजनन स्वास्थ्यको अभिमुखिकरण (विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम) सञ्चालन गर्नुका

साथै किशोर किशोरी प्रजनन् सम्बन्धि स्वास्थ्यकर्मीलाई तालिम तथा अभिमुखिकरण जस्ता कार्यक्रम लागु गरिनेछ ।

१३. नसर्ने तथा दिर्घरागेको रोकथाम, नियन्त्रण तथा उपचार सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वहुक्षेत्रीय समन्वय मार्फत नसर्ने रोग तथा सरसफाई बारे जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्न वृद्ध अवस्थामा देखिने समस्याको निराकरण र उपचार गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य सेवाको पहाुचलाई सवै तहमा विस्तार गर्दै मानसिक रोगीको निःशुल्क उपचारको लागि औषधिको व्यवस्थापन र मानसिक स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ । यसको लागि मानसिक स्वास्थ्य सेवा तथा उपचार केन्द्रसाग म्याचि□ गरी कार्यक्रमहरु तय गर्ने व्यवस्था गरिनेछ ।

१४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणको लागि कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ । यस नलगाड नगरपालिकामा अक्सिजन, औजार उपकरण, औषधी तथा आवश्यक जनशक्ति व्यवस्थापन सहितको आईसोलेशनको स्थापना गरी सेवा प्रवाहमा थप प्रभावकारी बनाईनेछ ।

१५. यस नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एकद्धार प्रणाली मार्फत नगरपालिका आई नगरपालिका र वडा कार्यालयको समन्वय तथा सहकार्यमा रही योजना तथा कार्यकम प्रस्तुत गर्नुपर्ने नीति अवलम्वन गरिनेछ । आफ्नो नीति तथा कार्यक्रममा रहि उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

१६. नलगाड नगरपालिकामा स्वास्थ्य, शिक्षा तथा प्रशासनिक भवनहरुको निर्माण, विकास र स्तरोन्नतीमा विशेष जोड दिईनेछ । साथै विकासमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने विकासका अन्य भौतिक पूर्वाधारहरु सडक, यातायात, सिंचाई जस्ता योजनाहरुको विकासको प्राथमिकताक्रम निर्धारण गरि योजना तर्जुमा गरिनेछ ।

१७. नलगाड नगरपालिकाको १३ वटै वडामा कार्यान्वयन भईरहेको नमुना वस्ती विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । नमूना बस्तीहरुलाई सभ्य र समुन्नत समाजमा रुपान्तरण गर्न क्रमशः मदिरा नियन्त्रण गरी मदिरा निषेधित क्षेत्र घोषणा गरिनेछ ।

१८. यस नगरपालिकामा भवन निर्माणको नक्सा पास गर्ने कार्यलाई जोड दिइनेछ । नगरक्षेत्र भित्र निर्माण भएका सडकहरुको स्तरोन्नतीमा जोड दिदै नगरपालिका भित्रका मूख्य तथा शाखा सडकहरुको क्षेत्राधिकार सहितको मापदण्ड तय गरि लागु गरिनेछ ।

१९. यस नगरपालिकाको भुगोल, हावापानी र माटो सुहाउँदो स्थानीय रैथाने प्रकारका कृषि वालीहरुको सम्भाव्यता अध्ययन गरी अर्गानिक कृषि कार्यक्रमहरु सञ्चालनमा जोड दिदै अर्गानिक खेतीलाई नै व्यवसायिक खेती प्रणालीको रुपमा विकास गरिनेछ ।

२०. कृषिमा आत्मनिर्भर हुने खालका नीति तथा कार्यक्रमहरु तय गरिनेछ । नगरपालिकाबाट तोकिएका कृषि पकेट क्षेत्रहरुको उपलब्धीलाई मूल्यांकन गर्दै थप व्यवस्थापन सहित कार्यक्रमलाई निरन्तरता दिईनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक, वैदेशिक रोजगारीबाट फर्किएका र कोभिड-१९ का कारण रोजगारी गुमाएका युवा लक्षित कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषि हाटबजार र कृषि उपज संकलन केन्द्रको स्थापना गरि कृषकको कृषि उपजहरुको बजार सुनिश्चित गरिनेछ । स्याउ, सुन्तला, कागती, आँप लगायतका फलफूलको नर्सरी स्थापना, विकास र विस्तारमा जोड दिईनेछ । **नगर प्रमुख कृषि पुरस्कारलाई** निरन्तरता दिँदै उत्कृष्ट कृषक, उत्कृष्ट युवा कृषक, कृषक समुह, कृषि फर्म र सहकारी संस्थालाई पुरस्कृत गरिनेछ ।

२१. कृषि प्रविधि प्रदर्शन, अनुसन्धान तथा प्रसार गर्नको लागि नगरपालिकाको आवश्यक स्थानमा **कृषि प्रसार सिकाई केन्द्रको** स्थापना गरिनेछ । व्यवसायीक कृषक, व्यवसाय उन्मुख कृषक उत्पादन गर्न कृषकलाई अनुदान प्रदान गरिनेछ । साथै सामुहिक खेती करार तथा जमिन भाडामा लिई खेती गर्न ईच्छुक कृषकलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ । कृषि योग्य जमिन बाँझो राख्ने किसानलाई दण्डित गरिनेछ र कृषि योग्य बाँझो जमिनमा कृषिजन्य कार्य गर्ने कृषकलाई प्रोत्साहनका कार्यक्रमहरु ल्याईनेछ ।

२२. पशुहरुको कृत्रिम गर्भाधान सेवा विस्तारबाट र प्राकृतिक गर्भाधान सेवाको लागि उन्नत बोका, राँगो, बंगुर, कुखुरा वितरणबाट उन्नत पशुपंक्षीको विकास गरिनेछ । स्वच्छ र गुणस्तरिय माछा, मासु र दुग्ध पर्दाथको प्रशोधन तथा भण्डारणको व्यवस्था गरि मासुजन्य र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाईनेछ । नगरपालिकाको विभिन्न वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२३. नलगाड नगरपालिका भित्रका सहकारीहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

२४. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम-२ सँग समन्वय गरी जलवायु परिवर्तन न्यूनिकरण तथा स्थानीय उत्थानसिल अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछन । यस नगरक्षेत्रको जैविक विविधताको संरक्षणमा जोड दिईनेछ । भू-क्षय नियन्त्रणका लागि जलाधार क्षेत्र तथा नदि किनारामा तटबन्धनका साथै वायो इन्जिनियरिङ्ग प्रविधिको समेत प्रयोग गरि वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ ।

२५. **"स्वच्छ सफा र सुन्दर शहर, नलगाडबासीको रहर"** भन्ने उद्घोषलाई यर्थातमा परिणत गर्न नदि किनार आसपास लगाएत सार्वजनिक स्थलहरुमा फोहोर गर्न नदिन सचेतनामूलक कार्यक्रम सञ्चालनका गर्नुका साथै सरसफाई अभियानलाई वडास्तरमा सञ्चालन गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईडको निर्माण, विकास र विस्तार गरिनेछ ।

२६. उपभोक्ता हित संरक्षण गर्न बजार अनुगमन गरि बजारलाई नियमित र व्यवस्थित गर्न उपभोक्ता जागरण अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२७. नलगाड नगरपालिकाको विभिन्न क्षेत्रहरुमा बाढी, पहिरो र नदी कटान नियन्त्रण गर्न तटवन्ध निर्माण लगाएतका आवश्यक कार्य गरिनेछ । प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा विपदबाट नागरिकहरुलाई राहत उपलब्ध गराउन नगरपालिकामा **विपद व्यवस्थापन कोष**मा बजेटको व्यवस्थापन गरिनेछ । विपद जोखिम न्युनिकरण र विपद व्यवस्थापनको पूर्व तयारीका लागि विपद प्रतिकार्य योजना तय गरि लागु गरिनेछ ।

२८. पर्यटन क्षेत्रको प्रर्वद्धन गर्न स्थानीय स्तरमा रहेका पर्यटकीय, ऐतिहाँसिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक वैभव र सम्पदाहरुको पहिचान, विकास, विस्तार र व्यवस्थित गरि प्रचार प्रसार गरिनेछ । लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र धर्मको संरक्षण र विकासमा जोड दिन **नलगाड साँस्कृतिक महोत्सव**को आयोजना गरिनेछ ।

२९. वनको समुचित व्यवस्थापन गरि यसको उपयोग र संरक्षणमा जोड दिईनेछ । वातावरण संरक्षण तथा वृक्षारोपन कार्यक्रम संचालन गरि वातावरणमैत्री क्रियाकलापमा जोड दिईनेछ । साथै नगरपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक संरचनाबाट वातावरणमा पर्ने असर र जोखिमलाई न्यूनिकरण गर्न पूर्व वातावरणिय परिक्षण गरिनेछ ।

३०. यस नगरपालिकाको शिक्षामा गुणस्तर अभिवृद्धि गर्न अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ । साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ बाट प्रभावित बन्न पुगेको शिक्षण सिकाई क्रियाकलापलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्धारण गरेको अभिभावकको संरक्षकत्वमा घरमै स्वःअध्ययन गर्न सकिने गरी छपाई गरिएका सन्दर्भ सामाग्री मार्फत शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

३१. यस नगरपालिका भित्र रहेका दरवन्दी रहित विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न शैक्षिक गुणस्तर सुधार अनुदानको व्यवस्था गरिनेछ । साथै वर्तमान शिक्षा ऐन तथा नियमावली बमोजिम न्यूनतम मापदण्ड पुरा नगरेका विद्यालयहरुको पुनःसंरचना गरी उपयुक्त, व्यवस्थित तथा मापदण्ड अनुकुलका शैक्षिक संस्थाहरु मार्फत शैक्षिक गुणस्तर कायम गर्न विद्यालय मर्ज, तह मिलान तथा तह घटुवाको कार्य प्रक्रिया अगाडी बढाईनेछ ।

३२. नगर क्षेत्रभित्र रहेका दृष्टिविहिन तथा शारीरिक रुपले अशक्त अपाङ्ग बालबालिकाहरुको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न **"विशेष स्रोत कक्षा"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३३. नगर स्तरमा सञ्चालन गरिने आधारभूत तह उत्तीर्ण परीक्षा प्रणाली सुदृढ गर्न सरोकारवालाहरु बीच व्यापक अन्तरक्रिया तथा नतिजा विश्लेषण गरी उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

३४. यस नगरपालिकाको शिक्षा र खेलकुदलाई विकास गर्न शारीरिक र मानसिक सक्षमतामा अभिवृद्धि गर्न, खेल प्रतिको अभिरुचि बढाउन र प्रतिभा पहिचान गर्न **"नगर प्रमुख खेलकुद"** प्रतियोगिता सञ्चालन गरिनेछ । नगर प्रमुख खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालनका लागि खेलकुद सम्वन्धी कानुनको निर्माण गरिनेछ ।

३५. शिक्षित युवाहरुको ज्ञान, सिप र क्षमतालाई राष्ट्र सेवामा समर्पित गराउन र राष्ट्रसेवक जनशक्ति उत्पादन गर्न शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरि युवा लक्षित क्षमता विकास कार्यक्रमलाई जोड दिईनेछ ।

३६. जोखिममा परेका टुहुरा, अनाथ, असहाय वालवालिकाहरुको अध्ययन, प्रोत्साहन तथा उचित संरक्षणको लागि “**बाल कल्याण कोष**” स्थापना गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३७. महिला, वालवाललिका, जेष्ठ नागरिक विरुद्ध हुने हिंसा तथा दुर्व्यवहार, बालश्रम, वालविवाह, छुवाछुत, वोक्सी लगायत सवै प्रकारका कुरितिहरु अन्त्य गर्न सचेतनामुलक कार्यक्रमहरु वृहतर रुपमा सञ्चालन गरिनेछ । महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अल्पसंख्यक, शहिद परिवार, दलित, गरिब, विपन्न वर्ग, एकल महिला, आदिवासी जनजाति लगाएतका लक्षित समूहका लागि उत्थानसिल विकास कार्यक्रम सञ्चालन गरिनेछ । **लैंगिक हिंसा निवारण कोष**को स्थापना गरि  लैंगिक हिंसामा परेका व्यक्तिहरुलाई राहत, उद्धार तथा पुनस्थापना गरिनेछ । महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, वालवालिकामैत्री नीति तथा कानुनहरु निर्माण गरिनेछ ।

३८. अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसायीक तथा क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि आत्मनिर्भर बनाउन तथा शिक्षा, दिक्षा र उपचार गर्नको लागि “**अपांग पुनःस्थापना कोष**” स्थापना गरिनेछ ।

३९. सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न सुशासन ऐन निर्माण गरि ऐन बमोजिम सार्वजनिक सेवा तथा सुविधा सरल, सहज, सुलभ, छरितो ढंगबाट उपलब्ध गराईनेछ । जवाफदेहिता विहिन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानूनी र संस्थागत सुधार गरिनेछ । नगरपालिकाको तर्फबाट उपलब्ध गराउनुपर्ने सेवा, सुविधा, प्रविधि, सिप, तालिम र ज्ञान जनताको घर आँगनमा पुग्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाबाट प्रवाह गरिने सेवालाई आवश्यकता अनुसार घुम्ती सेवा प्रदान गरि जनताको घर दैलो सम्म सरल र सहज ढंगले गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

४०. कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, तथा जनप्रतिनिधीहरुको लागि क्षमता अभिवृद्धि गर्न आवश्यकतामा आधारित तालिमको व्यवस्था गरिनेछ । कर्मचारीहरुको मनोबल उच्च बनाईराख्न र आन्तरिक पर्यटनलाई बढावा दिन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ । हरेक वर्ष नविन र उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, तथा जनप्रतिनिधीहरुलाई पुरष्कृत गरि हौसला प्रदान गरिनेछ । यस नगरपालिकामा कार्यरत करारका सबै कर्मचारीहरु, बालविकासमा कार्यरत शिक्षक र विद्यालय कर्मचारीहरुको संघिय सरकारले वृद्धि गरेको कर्मचारीको तलब अनुसार समायोजन गरिने छ ।

४१. यस नगरपालिकाको सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउँदै लगिनेछ । सामाजिक सुरक्षा तथा पञ्जिकरणलाई थप व्यवस्थापन गर्दै लगिनेछ ।

४२. नगरपालिकाको कर प्रशासनमा व्यापक सुधार गरिनेछ । करको दायराहरु बढाईनु का साथै करदाताहरुलाई करको दायरा भित्र ल्याईनेछ । स्थानीय तहमा रहेका सम्पूर्ण सहकारी, व्यवसायी

समूहहरु, फर्म, वित्तिय संस्थाहरुमा कर लगाईने छ । नगरको आन्तरिक राजश्वलाई प्रवर्द्धन गर्न राजश्व सुधार कार्ययोजना बनाई लागु गरिनेछ ।

४३. यस नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन, विपद व्यवस्थापनमा सहजीकरण गर्न र नगरपालिकाको आन्तरिक सुरक्षा व्यवस्थापन गर्न मापदण्ड तयार गरि नगर प्रहरी सेवाको गठन तथा सञ्चालन गरिनेछ ।

४४. स्थानीय स्तरका विवादहरुको समाधान गर्न स्थापित न्यायिक समिति मार्फत प्रभावकारी कार्यसम्पादन गर्न संस्थागत क्षमता विकास गरी जनभावना र स्थापित कानूनी मान्यता अनुसार ठोस कार्यविधिको निर्माण गर्दै सर्वसुलभ न्यायिक सेवा प्रवाह गर्न न्यायिक समितिको सुदृढिकरण गरिने छ ।

४५. कोभिड -१९ को विश्वव्यापी महामारीको अबस्थामा गर्भवती महिला, नवजातशिशु (२ वर्ष मुनिका) बालवालिकाहरु उच्च जोखिममा पर्ने साथै कुपोषणको कारण मृत्युदर उच्च हुने भएकाले उनीहरुको जिवन रक्षाका लागि शिघ्र पोषणका एकिकृत व्यबस्थापन सम्बन्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

४६. संघिय सरकार र स्थानीय तहको साझेदारीमा संचालित बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिईनेछ र आबश्यक मापदण्ड तयार गरि प्रत्येक वडाहरुलाई **पूर्ण पोषणयुक्त वडा घोषणा** कार्यक्रमलाई क्रमशः लागु गर्दै लगिने छ ।

४७. विद्यालय बाहिर रहेका, जोखिममा परेका, टुहुरा तथा अति अशक्त बालबालिकाहरुको तथ्यांक संकलन गरि त्यस्ता बालबालिकाहरुलाई शैक्षिक मूल प्रवाहिकरणमा समाहित गर्न उपयुक्त शैक्षिक प्याकेज मार्फत शिक्षा प्राप्तिको नैसर्गिक र मौलिक अधिकारको सुनिश्चितता गरिने छ ।

४८. यस नगरपालिकामा रोजगार प्रवर्द्धन गर्नको लागि **प्रधानमन्त्री रोजगार कार्यक्रम** सँग म्याचिङ गरि **नगर प्रमुख रोजगार कार्यक्रम** मार्फत विदेशबाट फर्केका व्यक्तिहरु, कोभिड १९ का कारण प्रभावित भई रोजगार गुमाएका व्यक्तिहरु, विपन्न वेरोजगार नागरिकहरुलाई रोजगारी प्रदान गरिनेछ ।

४९. यस नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुलाई आवश्यक प्रक्रियाबाट उपयोग गर्ने नीति अवलम्वन गरिनेछ । साथै भौतिक संरचना निर्माणको लागि स्थानीय तहलाई आवश्यक पर्ने जग्गाहरु कानुन बमोजिम खरिद गर्नसक्ने नीति अवलम्वन गरीनेछ ।

५०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत गरिब, दलित, महिला, पिछडिएका व्यक्तिहरु, विपन्न नागरिक, बादी समुदाय, बेरोजगार युवाहरुलाई उद्यमशिलता तर्फ आकर्षित गरि उद्यमशिलताको विकास र विस्तार गर्दै लगिनेछ । उद्यमशिलता तर्फ उन्मुख उद्यमीहरुलाई स्तरोन्नतीका कार्यक्रम मार्फत व्यवसायीक उद्यमी बनाईनेछ ।

५१. हाल आम विश्व समुदाय विज्ञान, प्रविधि, सूचना र संचारको क्षेत्रमा चमत्कारिक परिवर्तन गर्दै वर्तमान समयलाई आजको एक्काईसौं शताब्दीको विज्ञान र प्रविधिको युग हो भनी पुष्टि गरिसकेको

अवस्थामा मानविय दैनिक जीवनयापनमा एवम् समग्र कार्यालय सञ्चालन, व्यवस्थापन, सेवा प्रवाहमा शिघ्रताका साथै विकास व्यवस्थापनमा समेत सूचना तथा प्रविधिको आम पँहुच स्थापना गर्न आवश्यकता अनुसार नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगाएतका सरकारी कार्यालयहरुमा ईन्टरनेट सेवाको विकास र विस्तारमा जोड दिईनेछ । आम जनतालाई सञ्चारमा सेवा उपलब्ध गराउन एफ. एम. रेडियोको स्थापनामा प्रोत्साहन गरिनेछ ।

५२. सार्वजनिक स्थलहरु तथा बजार क्षेत्रमा वत्ती र सिसि क्यामेराको जडान गरिनेछ । बसपार्क, अटोरिक्सापार्कको निर्माण का साथै बजार क्षेत्रमा मापदण्ड विपरित बनेका घर टहराहरुलाई व्यवथापन गर्दै पार्कीङ स्थलको निर्माण गरिनेछ ।

५३. नगर क्षेत्र भित्रका विद्यालयमा कम्प्यूटर शिक्षाको विकास र स्तरोन्नतीका लागि कम्प्यूटर शिक्षक व्यवस्था गर्न शैक्षिक गुणस्तर सुधार अनुदानको व्यवस्था गरिनेछ ।

५४. यस नलगाड नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई आम नागरिक केन्द्रित बनाई सेवा प्रवाहमा सरल, सहज तथा व्यवस्थित बनाउन नलगाड नगरपालिका वडा नं. १ को जुरेली र नलगाड नगरपालिका वडा नं. ३ को कट्केमा दरवन्दी सहित सामुदायिक स्वास्थ्य ईकाई केन्द्रको स्थापना गरिनेछ । नलगाड नगरपालिका वडा नं. १ को अनापानीमा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्तरोन्नति गरी आवश्यक दरवन्दी सिर्जना गरी बर्थि□ सेन्टरको स्थापना गरिनेछ । नलगाड नगरपालिका वडा नं. ५ को रानीगाउामा स्वास्थ्य सेवा केन्द्रको स्थापनाको लागि सम्वन्धित निकायहरुमा अनुरोध गरिनेछ ।

५५.यस नगरलाई वातावरणमैत्री बनाउन डाँडाहरुमा कृतिम तालतलैया बनाई पानीको संकलन गरि डाँडाकाँडाहरुलाई हरियाली बनाउने कार्यमा जोड दिईनेछ ।

५६. सार्वजनिक स्थलहरुमा हुने धुमपान, मध्यपान लगायतका सामाजिक विकृति र विसंगतिहरुलाई न्युनिकरण गर्न वडास्तरमा रहेका आमा समुह, महिला सहकारी समुह, युवा समुह, वाल समुह लगायतका सामाजिक समुहहरुको क्षमता विकास गरी उक्त समुहहरुसँगको सहकार्यमा सभ्य, शान्त र सम्मुनत समाजको निर्माण गर्नमा जोड दिईनेछ ।

५७. नलगाड नगरपालिकाको सेवा प्रवाह लगायत विकास निर्माणमा सहजीकरण गर्नको लागि विभिन्न कानुनहरु निर्माण गरी लागु गरिनेछ ।

५८. विद्यार्थी भर्नादर र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाका लागि प्राथमिक तहका विद्यार्थीहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

५९. अन्त्यमा, नेपालको संविधान कार्यान्वयनका माध्यमबाट नगरलाई सम्बृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुऱ्याउने राजनीतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नगरको समग्र आर्थिक-सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने स्थानीय सरकारका प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार जगत तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यबाद दिन्छु । साथै नगरको विकास प्रयासमा सहयोग पुऱ्याउने सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई धन्यबाद दिन चाहान्छु ।